Regd. No.: 392/047/048

# महिला पुनर्स्थापना केन्द्र (ओरेक)
# Women's Rehabilitation Center (WOREC)

मिति २०७४ कार्तिक १७

प्रेस विज्ञप्ति

सर्वोच्च अदालतले मिति २०७४ कार्तिक १६ गतेका दिन "*समान मूल्यको कामका लागि समान ज्याला प्राप्त गर्ने अधिकार*लाई प्रभावकारी रुपमा कार्यान्वयनमा ल्याउन सरकारका नाममा जारी आदेशलाई हामी महिला अधिकार, मानवअधिकारका क्षेत्रमा कार्यरत संस्था महिला पुनर्स्थापना केन्द्र (ओरेक) हार्दिक स्वागत गर्दछौं ।

विगत लामो समयदेखि संस्थाले महिला श्रमिक (घरेलु तथा उद्योग, कृषि मजदुर, निर्माण, लगायत अन्य क्षेत्रका श्रमिक) हरुको हक, हित र अधिकारका क्षेत्रमा काम गर्दै महिला श्रमको मूल्यांकन, कामको सम्मान, तथा समान ज्यालाका लागि वकालत गर्दै आइरहेको छ । लगातरको दवावपछि श्रम ऐनमा आएको परिवर्तनसंगै ऐन कार्यान्वयनका लागि यसबाट बाटो खुलेको हाम्रो ठहर छ । उक्त आदेशले **गरिबीको रेखामुनि रहेका जनता, कृषि मजदुर, महिला श्रमिक, सिमान्तकृत समुदाय लगायतको हकहितलाई लक्षित गरी समान कामका लागि समान ज्याला, न्यूनतम ज्याला तथा पारिश्रमिक, श्रम अधिकार उल्लंघनविरुद्ध जनचेतनामूलक काममा कार्यक्रम सञ्चालन गर्न सरकारलाई आदेश गरेको छ ।** निःसन्देह यस आदेशको प्रभावकारी कार्यान्वयन भएमा श्रमिक महिलाहरुको श्रमको सम्मान र श्रमिक महिलाहरु आर्थिक रुपमा सशक्त वन्न थप बल पुग्ने आशा सहित सर्वोच्चको यस आदेशको पूर्ण कार्यान्वयनको अपेक्षा राखेका छौं ।

अभिराम राय
कार्यक्रम निर्देशक

Balkumari, Lalitpur, P.O.Box : 13233, Kathmandu , Nepal Tel: (977)-01-2123124; (977)-01-5006373; (977)-01-5006374 Fax: (977)-01-5006271 Email : ics@worecnepal.org URL : www.worecnepal.org